# संवत् २०८० साल पौष १६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | यस गाउँपालिका,गाउँ सभाको सत्रौ अधिवेशन मिति २०८०/०९/२४ गते सोमबार दिउँसो १२:३० बजे बस्ने गरी बोलाउने । |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाको संवत २०८० पौष २४ गते देखि बस्ने गाउँ सभाको सत्रौं अधिवेशनका तपसिल बमोजिमका प्रस्ताव गाउँ सभामा पेश गर्ने।<br><br>तपसिलः-<br><br>(क) भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा नं. २२१ साविक फाराम नं.१८) सम्बन्धी प्रस्ताव ।<br>(ख) चालु आर्थिक वर्ष २०८०/०८१ का लागि यस गाउँपालिकाको गाउँ सभाको सोह्रौ अधिवेशनबाट स्वीकृत आयोजना तथा कार्यक्रम संशोधन गाउँपालिकाको, आर्थिक वर्ष २०७९/०८० को हिसाव मिलान पश्चात बाँकी रहेको बैंक मौज्दातबाट आयोजना तथा कार्यक्रम र चालु आर्थिक वर्षका लागि अध्यक्ष रोजगार शीर्षकमा विनियोजन भएको बजेटबाट आयोजना कार्यक्रम गर्ने सम्बन्धी प्रस्ताव ।<br>(ग) यस गाउँपालिकाको गाउँ सभाको सोह्रौ अधिवेशनबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षणमा समावेश भएको पशुपंछी सेवा इकाई र प्रशासन, योजना तथा अनुगमन शाखा तर्फको संगठन संरचना र दरबन्दी तेरिज संशोधन सम्बन्धी प्रस्ताव ।<br>(घ) चालु आ.व.२०८०/०८१ को साउन देखि पुस महिना सम्म गाउँ कार्यपालिकाबाट भएका नीतिगत तथा दैनिक कार्य संचालन सम्बन्धी भएका निर्णय, गाउँपालिकाको हाल सम्मको आय व्ययको विवरण सम्बन्धी प्रस्ताव ।<br>(ङ) मज्जे लघु जलविद्युत आयोजनाको संशोधित लागत अनुमान परियोजना प्रस्ताव प्रतिवेदन (DPR) अनुमोदन सम्बन्धमा । |
| ३. | आर्थिक विकास शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोत परिचालन समन्वय शाखाको च.नं.३१, मिति २०८०/०९/०५ गतेको प्राप्तपत्रानुसार चालु आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने नवप्रवर्तनमा आधारित स्थानीय विकास कार्यक्रम सम्बन्धमा तपसिल बमोजिम गर्ने ।<br>तपसिलः-<br>१. चालु आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा सहभागी हुने ।<br>२. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको लागत साझेदारी व्यहोर्ने ।<br>३. यस गाउँपालिकामा संचालन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकासका कार्यक्रमहरु नवप्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम गर्ने प्रतिवद्धता रहने । |
| ४. | प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको सार्वजनिक सेवा मापदण्ड, २०८० र अपिहिमाल गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८० स्वीकृत गर्ने र उल्लेखित मापदण्ड तथा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृत दिने। |
| ५. | प्रशासन शाखा | यस गाउँपालिकाको गत आ.व.२०७९/०८० को स्थानीय तह क्षमता स्वमूल्यांकन (LISA), स्थानीय तह वित्तीय, सुशासन जोखिम मूल्यांकन (FRA) र स्थानीय आर्थिक विकास स्वमूल्यांकन (LED) माथि छलफल |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

... बहादुर रावल

| | | |
|---|---|---|
| | | गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट मूल्यांकनका लागि पेश भएका आवश्यक कागजातका आधारमा प्राप्त भएको अंक,अनुमोदन गर्ने र सोको नतिजा प्रकाशन गर्ने । |
| ६. | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत मिति २०८०/०९/८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव माथि छलफल गर्दा उक्त सुझावको पूर्ण कार्यान्वयन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने । |
| ७. | आर्थिक प्रशासन शाखा | आगामी आर्थिक वर्ष २०८१/०८२ को राजस्व प्रक्षेपण प्रतिवेदन र सोही ऐन को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश हुन आएको आगामी आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको अनुमान सम्बन्धी प्रतिवेदन स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने । |
| ८. | योजना / पूर्वाधार शाखा | आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तरगत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम संघीय विशेष अनुदान अन्तरगत तपसिलका आयोजना/कार्यक्रम माग गर्ने र सो आयोजना तथा कार्यक्रमको विशेष अनुदान सम्बन्धी तेस्रो (संशोधन) कार्यविधि, २०७७ बमोजिम प्रस्ताव तयारी गरी समयसिमा भित्र पेश गर्ने।<br>संघीय विशेष अनुदान अन्तरगत माग गर्ने आयोजना/कार्यक्रमहरु:-<br>१. श्री खण्डेश्वरी माध्यमिक विद्यालय क्षेत्ती विद्यालय भवन निर्माण<br>२. लम्थेङ देखि तामाखानी सम्मको पर्यटकीय पदमार्ग निर्माण<br>३. गाउँपालिकाका विपन्न वर्गका लागि आय-आयर्जन कार्यक्रम |
| ९. | योजना/पूर्वाधार शाखा | आगामी वर्ष २०८१ बैशाख ९ र १० गते (तदनुसार अप्रिल २१ र २२ मा) हुने तेस्रो लगानी सम्मेलनका लागि यस गाउँपालिकाका तपसिल बमोजिमका सम्भाव्य परियोजनाहरुको प्रस्ताव पेश गर्ने ।<br>तपसिल:-<br>१. जडिबुटी प्रशोधन केन्द्र निर्माण<br>२. पर्यटन व्यवसाय प्रवर्द्धन<br>३. ओखल देखि सितोला सम्म सडक निर्माण<br>४. रेला लुम्थी,शौगन्ना सडंक निर्माण<br>५. खात्ती क्रकेट रङ्गशाला निर्माण |
| १०. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं. २ स्थित रहेको श्री महादेव माध्यमिक विद्यालय घुसामा रेलिङ सहितको सिडि निर्माण गर्न अध्यक्ष स्वरोजगार कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने गरी निर्माण कार्य गराउने । |
| ११. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं. २ र ३ जोड्ने चौलानी नदिमा रहेको धनवोरा पुल जिर्ण भएको हुँदा उक्त पुल मर्मतका लागि अध्यक्ष स्वरोजगार कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने गरी मर्मतको कार्य गर्ने । |
| १२. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं.४ को खत्तोली स्थित छडे खोलामा वर्षातको समयमा पहिरो गई बाटो अवरुद्ध भएको हुँदा छडेखोलाको बाटो निर्माणका लागि अध्यक्ष स्वरोजगार कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने गरी बाटो मर्मत तथा निर्माण कार्य गर्ने । |
| १३. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकामा पेश हुन आएको व्याँसी शौका (रँ) समाजको परम्परा र संस्कृति जगेर्ना सम्बन्धी कार्यक्रमका लागि वजेट व्यवस्थापन सम्बन्धी निवेदन उपर छलफल गरी व्याँसी शौका (रँ) समाजलाई भाषा तथा संस्कृती संरक्षण शीर्षकबाट भुक्तानी दिने । |
| १४. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा वडाबाट सिफारिस सहित आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम लाभग्राहीहरुलाई नगद आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत